# लेटाङ नगरपालिकाको पन्ध्रौ नगरसभा अधिवेशनमा प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को बार्षिक बजेट बक्तव्य

सभाध्यक्ष महोदय,

अब म लेटाङ नगरपालिकाको नगरसभा अधिवेशनमा नगर उपप्रमुख एबं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आर्थक बर्ष २०८१।८२ को बजेट प्रस्तुत गर्न चाहान्छु ।

१. आगामी आर्थिक बर्षको बजेट तयार गर्दा लिइएका आधारहरु निम्न बमोजिम रहेका छन् ।

- नेपालको संविधान,
- स्थानीय सरकार संचालन ऐन,
- नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम,
- दिगो बिकासको लक्ष्य,
- नेपाल सरकारको सोह्रौ योजना,
- कोशी प्रदेश सरकारको आवधिक योजना,
- लेटाङ नगरपालिकाको आवधिक नगर बिकास योजना,
- लेटाङ नगरपालिकाको बस्तुगत विवरण,
- राजस्व सुधार कार्ययोजना,
- मध्यमकालिन खर्च संरचना , लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परीक्षण,
- बिगत बर्षका नगरसभाका निर्णयहरु,
- नगरपालिकाले लिएको दीर्घकालिन सोच "सुसंस्कृत र समृद्ध नगर, लेटाङबासीको रहर"
- नगरपालिकाको बिभिन्न समितिहरुको सुझाव तथा निश्कर्ष,
- अन्तिम लेखा परिक्षण प्रतिवेदन,
- राजनीतिक दल, संघसंस्था, नागरिक समाज, निजी क्षेत्र, आम नगरबासीको सुझावहरु।

सभाध्यक्ष महोदय,

**अब म आर्थिक वर्ष २०८१।०८२ का बजेटका उद्देश्यहरु प्रस्तुत गर्दछु**

१. आर्थिक, सामाजिक र भौतिक पुर्वाधार को दिगो बिकास गरी गरिवी न्यूनीकरण, सुसंस्कृत र समृद्ध नगरको बिकास गर्ने।
२. वर्तमान आर्थिक संकुचन तथा संकटहरुलाई कुशलतापुर्वक व्यवस्थापन गर्न करका दायरा , विनियोजन कुशलता तथा कार्यान्वयन दक्षता वृद्धि गर्ने।
३. स्रोत तथा साधनहरुको कुशल, मितव्ययी, प्रभावकारी रुपमा प्रयोग गरी वित्तीय अनुशासन कायम गर्दै सन्तुलित विकास गर्ने।

४. जवाफदेहिता, पारदर्शिता, वस्तुनिष्ठता, सेवा प्रवाहमा दक्षता सहित सुशासन स्थापित गर्ने।
५. मानवीय क्षमता बिकास, समाजिक परिचालन र सामाजिक न्याय स्थापना गर्ने ।
६. नगरबासीको स्वास्थ्य, शिक्षा, मानव अधिकार, शान्ति सुरक्षा र मौलिक हक प्रासिको आधारहरू विकास गर्ने।
७. सबै प्रकारको विपद्को व्यवस्थापन गर्ने ।

**बजेटका मुख्य मुख्य प्राथमिकताहरु**

१. सेवा प्रवाहमा सुधार र सुशासन
२. कृषि तथा पर्यटन क्षेत्रको विकास
३. भौतिक पुर्वधारको बिकास र दिगोपना
४. आन्तरिक स्रोतको अभिबृद्धि र स्रोतको कुशल परिचालन
५. चुरे क्षेत्र, वन वातावरण, जैविक विविधताको संरक्षण र प्रवर्द्धन,
६. गुणस्तरीय शिक्षा, स्वास्थ्य र खानेपानी,
७. सांस्कृतिक विविधताको पहिचान, सम्मान, संरक्षण र प्रवर्द्धन,
८. विपद जोखिम न्यूनिकरण र व्यवस्थापन,
९. नदी नियन्त्रण, तटबन्धन तथा दिगो सिंचाई व्यवस्थापन,
१०. लक्षित वर्गको परिचालन, सशक्तिकरण, मूलप्रवाहीकरण र सामाजिक सुरक्षा,
११. दुर्व्यसनी नियन्त्रण, युवा स्वरोजगार, सामाजिक परिचालन र खेलकुद विकास ।

सभाध्यक्ष महोदय,

२०७९।८० को यथार्थ आय रु. ७० करोड ३६ लाख ५१ हजार २८९ र व्यय रु ६२ करोड ८२ लाख २९ हजार ४८१ भएको र चालु आ.व. को संसोधित आय रु. ५४ करोड ७२ लाख ५१ हजार ४०१ र व्यय रु ४३ करोड ८८ लाख ७५ हजार ६६४ भएको जानकारी गराउँदछु ।अव म आगामी आर्थिक बर्ष २०८१।८२ को लागि प्रस्तावित खर्च बेहोर्ने स्रोत उल्लेख गर्न चाहान्छु ।

| | | |
|---|---|---|
| १ | **आन्तरिक आय** | **३ करोड ७१ लाख १५ हजार** |
| | क. गत आ व अल्या नगद मौज्दात | १ करोड |
| | ख. यस आ व को अनुमान नगद | २ करोड ७१ लाख १५ हजार |
| २ | **राजश्व बाँडफाँडबाट प्राप्त रकम** | **१७ करोड ७२ लाख ३ हजार** |
| | क. नेपाल सरकार | ११ करोड २३ लाख |
| | ख. प्रदेश सरकार | ७२ लाख ३ हजार |
| | ग स्थानिय | ५ करोड ७७ लाख |
| ३ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | **३६ करोड ०८ लाख ७० हजार** |
| | क. वित्तीय समानिकरण अनुदान | ११ करोड ५८ लाख |

| | | |
|---|---|---|
| | ख. सशर्त अनुदान | २३ करोड ५० लाख ७० हजार |
| | ग. समपुरक अनुदान | १ करोड |
| | घ. विशेष अनुदान | - |
| ४ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | **२ करोड ९८ लाख ४९ हजार** |
| | क. वित्तीय समानिकरण अनुदान | ७२ लाख ६ हजार |
| | ख. सशर्त अनुदान | ९६ लाख ४३ हजार |
| | ग. समपुरक अनुदान | १ करोड ३० लाख |
| | घ. विशेष अनुदान | - |
| ५ | **आन्तरिक ऋण** | - |
| ६ | **अन्य अनुदान** | **३५ लाख** |
| | क. जिल्ला समन्वय समिति | - |
| | ख. सडक वोर्ड | - |
| | ग PLGSP | - |
| | घ जनसहभागिता | ३५ लाख |
| **कुल जम्मा** | | **६० करोड ८५ लाख ३७ हजार** |

**सभाध्यक्ष महोदय,**

अब म बजेटमा समावेश भएका केही प्रमुख क्षेत्रगत क्रियाकलापको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहान्छु ।

**पूर्वाधार बिकास**

- वडा कार्यालयहरूको लागि कुल रू ५ करोड ४० लाख बजेट बिनियोजन गरेको छु।
- "एक वडा एक नगर गौरव" योजना लागि रु. १ करोड ८० लाख बिनियोजन गरेको छु ।
- बिगत बर्षहरु देखि संचालनमा आएका क्रमागत योजनाहरुको भुक्तानीका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- अन्तरधार्मिक शान्ति पार्क निर्माणका लागि संघीय सरकार समपुरक अनुदान रु १ करोड प्राप्त भएकोमा थप रु १ करोड बजेट बिनियोजन गरेको छु ।
- मुर्चुङ्गी खोला पक्की पुल निर्माणका लागि प्रदेश समपुरक अनुदान रु ६० लाख प्राप्त भएको मा थप रु ३२ लाख ३० हजार बजेट बिनियोजन गरेको छु ।
- बुद्धमार्ग कालोपत्रे निर्माण कार्यका लागि प्रदेश समपुरक अनुदान रु ७० लाख प्राप्त भएकाले थप रु ३७ लाख ७० हजार बजेट बिनियोजन गरेको छु ।
- तारजाली खरिद कार्यका लागि रु ३५ लाख बजेट बिनियोजन गरेको छु।
- सडक बोर्ड सँगको साझेदारीका लागि रु २५ लाख बजेट बिनियोजन गरेको छु ।

- पालिकास्तरीय सडक मर्मत सम्भार का लागि मर्मत सम्भारकोषमा आवश्यक बजेट बिनियोजन गरेको छु ।
- वडा नं ८ जाँते हाटबजार स्तरउन्नतीका लागि रु ३० लाख बजेट बिनियोजन गरेको छु ।
- वडा नं २ बुधबारे हाटबजार स्तरउन्ती का लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।
- तटबन्धन निर्माण तथा सिँचाई पैनीहरुको मर्मत सम्भारका लागि आवश्यक बजेट बिनियोजन गरेको छु।
- तराई मधेस समृद्धि कार्यक्रम साझेदारीका लागि रु १० लाख विनियोजन गरेको छु।
- आधारभुत र माध्यामिक शिक्षाको गुणात्मक व्यवस्थापन का लागि शिक्षा शाखाका कार्यक्रम तर्फ कुल रू १ करोड ३९ लाख ५० हजार बिनियोजन गरको छु।
- पुर्ण खोप अभियान , निशुल्क वितरणका लागि औषधी तथा औषधी जन्य सामग्री खरिद , नागरिक आरोग्य केन्द्रका लागि औषधी खरिद तथा प्रवर्धनात्मक क्रियाकलाप , विपन्न नागरिक स्वास्थ्य उपचार, जनशक्तिको क्षमता विकास तथा उत्प्रेरणा लगायतका स्वास्थ्य शाखा कार्यक्रम तर्फ रु ८० लाख बिनियोजन गरेको छु ।
- महिला, बालबालिका, अपाङ्गता र जेष्ठ नागरिकहरु का लागि महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाका कार्यक्रम तर्फ कुल रू २५ लाख बजेट बिनियोजन गरेको छु।
- खेलकुद महोत्सव संचालन, युवा स्वयंम सेवक तथा स्काउट सम्वन्धी क्रियाकलाप , खेलमैदान स्तरउन्नती, खेलकुद सामग्री लगायतका क्रियाकलाप संचालन गर्न युवा तथा खेलकुद बिकास शाखाका कार्यक्रम तर्फ कुल रू ३० लाख बजेट बिनियोजन गरेको छु।
- कला तथा सँस्कृति प्रवर्धन तथा संरक्षण तर्फ १२ लाख बजेट बिनियोजन गरेको छु ।

**आर्थिक बिकास**

- कृषिलाई आधुनिकिकरण, ब्यवसायीकरण तथा बजारीकरण गर्न कृषि शाखाका कार्यक्रम तर्फ रु १ करोड बजेट बिनियोजन गरेको छु।
- ब्यवस्थित मासु पसल निर्माण, पशु औषधी तथा केमिकल खरिद, सामुदायिक कुकुर बन्ध्याकरण तथा नियन्त्रण लगायतका पशु शाखाका कार्यक्रम तर्फ रु ४० लाख बिनियोजन गरेको छु ।
- सहकारी संचालकहरुको क्षमता अभिवृद्दी , सहकारीहरुको अनुगमन तथा तथ्याङ्क व्यवस्थापन , कृषि सहकारीका लागि उत्पादन , लागत र बजारीकरण तालिम लगायतका सहकारी शाखाका कार्यक्रम तर्फ रु १० लाख बजेट बिनियोजन गरेको छु।
- लेटाङ नपा ३ पुतली पार्क निर्माण , समला पदमार्ग निर्माण , मोरङ्गी पुल दक्षिण पार्क निर्माण लगायतका आयोजना तथा कार्यक्रमहरुका लागि आवश्यक बजेट बिनियोजन गरेको छु
- ५०% अनुदानमा स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उधोग प्रवर्धन, आयमुलक, सिपमुलक, उधमशिलता तालिमहरुका लागि आवश्यक बजेट बिनियोजन गरेको छु।

**<u>बन,बातावरण तथा संस्थागत सुशासन</u>**

- **प्रकोप व्यवस्थापन कोषमा रु७० लाख बजेट बिनियोजन गरेकोछु ।**
- **चुरे सामुदायिक बनहरुलाई अनुदानका लागि रु१० लाख ५० हजार बिनियोजन गरेको छु ।**
- वातवरणीय प्रभाव परिक्षण, चुरेको मुहान संरक्षण, सार्वजनिक डष्टबिन निर्माण, नमुनाका रुपमा बिधालयमा कृषि बँगैचा लगायतका कार्यक्रम तथा आयोजनाका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- मौसमजन्य बाढी, पहिरो नियन्त्रण तथा नदी तटबन्धनका लागि आवश्यक बजेट बिनियोजन गरेको छु
- सुचना प्रविधि, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, GESI AUDIT, अन्यपालिकासँग साझेदारी अन्तरपालिका भगिनी सम्वन्ध , जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि तालिम , उपभोक्ता समितिका पदाधिकारीहरुलाई तालिम लगायतका कार्यक्रमका लागि आवश्यक बजेट बिनियोजन गरेको छु।

<u>कार्यालय संचालन</u>

- लेटाङ नगरपालिकाको कर्मचारीहरुको तलब, भता, कार्यालय संचालन खर्च साथै वडा कार्यालय संचालन खर्च लगायतका कार्यक्रमका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

आव २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रम र बजेटले लेटाङ नगरपालिकाको विकास प्रयासमा थप सुधार हुँदै जाने विश्वा्स लिएको छु।

प्रस्तुत बजेट तर्जुमामा मार्गदर्शन गर्नुहुने नगरप्रमुख , वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु , विषयगत समितका सदस्यज्यूहरु, नगरसभाका सदस्यज्यूहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । बजेट तर्जुमाका क्रममा महत्वपूर्ण सुझाव प्रदान गर्नुहुने राजनीतिक दल , विभिन्न संघ संस्था , निजी क्षेत्र, सहकारी क्षेत्र र नागरिक समाजका व्यक्तिहरु, सञ्चार जगतलाई हार्दिक धन्यवाद दिन चाहन्छु । बजेट निर्माणमा संस्थागत संझनाका रुपमा सूचना उपलब्ध गराएर सहयोग गर्नुहुने कर्मचारी वर्गमा विशेष धन्यवाद व्यक्त गर्दछु। बजेट कार्यान्वयनमा सबैको पूर्ण स हयोग रहने अपेक्षा समेत गरेको छु।

अन्त्यमा, लेटाङ नगरको विकासमा योगदान गर्ने राजनीतिक दल, कर्मचारी, श्रमिक, निजी, सहकारी र सामुदायिक क्षेत्र , नागरिक समाज , सञ्चारजगत् लगायत सम्पूर्ण नगरबासी दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु।

धन्यवाद !

कृष्ण कुमारी निरौला
नगर उपप्रमुख
लेटाङ नगरपालिका